बनेपा नगरपालिका

स्थानीय राजपत्र

खण्डः ९ संख्याः १ मितिः२०८३।०४।०१

बनेपा नगरपालिकाको आर्थिक ऐन, २०८३

नगर सभाबाट अनुमोदन भएको मितिःर२०८३।०३।३२

प्रमाणीकरण मितिःर२०८३।०४।०१

बनेपा नगरपालिकाको आर्थिक ऐन, २०८३

नगरसभामा पेश भएको मितिः २०८३।०३।१०
नगरसभाबाट पारित मितिः २०८३।०३।३२
प्रमाणिकरण मितिः २०८३।०४।०१

प्रस्तावनाः बनेपा नगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ को अर्थसम्बन्धी प्रस्ताव कार्यान्वयनको लागि स्थानीय कर, शुल्क, दस्तुर र जरिबाना संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बनेपा नगरपालिकाले यो आर्थिक ऐन, २०८३ बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "बनेपा नगरपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि बनेपा नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. सम्पत्ति करः

(१) बनेपा नगरपालिकाको कर तथा गैह्र कर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा १० ले गरेको कानूनी व्यवस्थाको अधिनमा रही नगरपालिका क्षेत्र भित्र रहेका घर र घरले चर्चेको जग्गामा एकमुष्ट रुपमा अनुसूची-१ मा उल्लेख भए बमोजिम दरमा सम्पत्ति कर लगाइने र असुल उपर गरिने छ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउने प्रयोजन का लागि अनुसूची-१ मा उल्लेख भए बमोजिम सम्पत्तिको मूल्याङ्कन दर तथा घरको ह्रास कट्टीको दर कायम रहनेछ।

(३) घरजग्गाको स्वरुपमा परिवर्तन भएको करदाताले सोही व्यहोरा स्व-घोषणा गरी सम्पत्ति कर बुझाउनुपर्नेछ । तर, सम्पत्ति कर तिरेको प्रमाणको आधारमा उक्त संरचना स्वीकृत प्राप्त नक्सापास भएको मानिनेछैन ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्नेछैनः

क. नेपाल सरकार, प्रदेश सरकार, र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

ख. सरकारी अस्पतालको घर र घरजग्गा,

ग. गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

घ. मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

ङ. मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका सङ्घ, संस्थाको घर र घरजग्गा,

च. धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि)को घर र घरजग्गा,

छ. खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

ज. राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा ।

३. भूमि कर (मालपोत):

(१) बनेपा नगरपालिका क्षेत्रभित्र दफा २ बमोजिम सम्पत्ति कर लाग्ने बाहेकका अन्य जग्गामा जग्गा रहेको स्थान, क्षेत्रफल र मूल्यको आधारमा अनुसूची-२ मा उल्लेख भए बमोजिम भूमिकर(मालपोत) लगाइने र असूल गरिनेछ ।

४. घर जग्गा बहाल कर:

(१) कुनै व्यक्ति वा संस्थाले जग्गा, भवन, घर, पसल, ग्यारेज, बर्कसप, गोदाम, टहरा, सेड, पोखरी, पुरै वा आंशिक तवरले बहाल वा भाडामा लगाई प्राप्त बहाल रकममा अनुसूची-३ बमोजिम बहाल कर लगाइनेछ ।

(२) व्यवसायिक फर्महरुले व्यवसाय संचालनको प्रयोजनार्थ कुनै घर वा संरचना वा जग्गा वा अन्य कुनै यस्तै प्रकारका संरचना बहालमा लिएको भए उक्त बहाल रकमको स्रोतमा बहाल कर कट्टी गरी कट्टी गरिएको बहाल कर रकम नगरपालिकामा दाखिला गर्नुपर्नेछ ।

(३) गत आ.व.को बहाल कर रकममा जरिबाना लाग्नेछैन ।

५. व्यवसाय कर:

(१) बनेपा नगरपालिका क्षेत्रभित्र सञ्चालित पेसा, व्यवसाय र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति,संस्था, कम्पनी वा निकायबाट अनुसूची-४ बमोजिम व्यवसाय कर असुल गरिनेछ।

(२) चैत्र महिनादेखि नयाँ संचालन हुने व्यवसायको हकमा तोकिएको व्यवसाय कर रकमलाई बाह्र महिनामा विभाजन गरी दर्ता हुन आएको महिनादेखि आर्थिक वर्ष अन्त्यसम्मको दामासाहीले हुन आउने कर रकम असुल गरिनेछ ।

तर, त्यसपछिका वर्षहरूमा भने वार्षिक रूपमा व्यवसाय कर दाखिला गरेपछि व्यवसाय नवीकरण हुनेछ ।

(३) नेपाल सरकार वा प्रदेश सरकारका निकायमा दर्ता भएका तर बनेपा नगरपालिकाको करको दायरामा नआएका करदाताहरूका हकमा आर्थिक वर्ष २०७४।७५ लाई आधार वर्ष मानी व्यवसाय कर असुल गरिनेछ । बनेपा नगरपालिकामा दर्ता भई संचालनमा रहेका व्यवसायहरुको अघिल्ला वर्षहरुको नवीकरण गर्न बाँकी रहेका व्यवसायहरु पौष मसान्तभित्र नवीकरण गर्न आएमा व्यवसाय कर र बहाल करमा जरिबाना लाग्ने छैन ।

(४) व्यवसाय दर्ता/नवीकरण गर्दा बनेपा नगरपालिकामा बहाल कर भुक्तानी भएको यकीन गर्नुपर्नेछ।

(५) नेपाल सरकार वा प्रदेश सरकारको कुनै पनि निकायमा दर्ता भई यस नगरपालिका क्षेत्रभित्र संचालन हुने कुनैपनि व्यवसायलाई यस नगरपालिकामा दर्ता गर्नको लागि आवश्यकता अनुसार

बढीमा ९० दिनको म्याद दिइनेछ । प्रत्येक वर्ष तोकिए बमोजिम व्यवसाय कर तिरेपछि व्यवसाय स्वतः नवीकरण हुनेछ ।

(६) कुनै सेवा, उद्योग तथा व्यवसायमा माथि उल्लेखित वर्गीकरण अनुसार एक भन्दा बढी किसिमको कारोबार भएमा जुन वर्गको व्यवसाय करको दर धेरै हुन्छ सोही अनुसार कर असूल गरिनेछ ।

(७) यस नगरपालिकाक्षेत्रभित्र अन्य विदेशी नागरिकहरुले व्यवसाय गर्न चाहेमा साना व्यवसाय (कुल पुँजी ५ लाखसम्म)को हकमा रु.१०,०००।- (दस हजार) धरौटी र ठूला व्यवसाय (५ लाख भन्दा माथि)को हकमा नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भई आएपश्चात रु.२०,०००।- (बीस हजार) नगरपालिकाको धरौटी खातामा जम्मा गरी सम्बन्धित घरधनी वा प्रतिनिधि साक्षी राखी दर्ता गर्न निवेदन दिन सक्नेछ।

(८) व्यवसाय एकाघरका परिवारमा बाहेक एक व्यक्तिबाट अर्को व्यक्तिमा नामसारी हुनेछैन । यदि दोश्रो व्यक्तिको नाममा नामसारी गर्नुपरेमा पहिलो व्यक्तिको नाममा रहेको व्यवसाय बन्द गरी अर्को व्यक्तिको नाममा नयाँ व्यवसाय दर्ता गर्नुपर्नेछ ।

(९) कम्पनीको हकमा अन्य निकायमा दर्ता भएका व्यवसायको हकमा सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्रमा उल्लेखित कुल पूँजीको आधारमा व्यवसाय दर्ता गर्ने र अन्यको हकमा निवेदकले पेश गरेको कुल पूँजीको आधारमा व्यवसाय दर्ता गर्नुपर्नेछ।

(११) व्यवसाय कर सम्बन्धी विशेष व्यवस्था

११.१ आ.व. २०७४/०७५ भन्दा अघि देखि नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका तर हालसम्म पनि नगरपालिकाको व्यवसाय करमा आवद्ध नभएका व्यवसायहरुलाई आ.व. २०७४/०७५ लाई आधार वर्ष मानी आ.व. २०७४/०७५ देखिको व्यवसाय कर आ.व. २०८३।०८४ को पौष मसान्त भित्र भुक्तानी गरेमा सो भन्दा अघिको व्यवसाय कर तथा त्यसमा लाग्ने हालसम्मको जरिवाना छुट दिईनेछ। सो भन्दा पछि संचालित व्यवसायहरुलाई संचालन भएको मितिदेखिको लाग्ने व्यवसाय कर र बहालकरमा जरिवाना छुट हुनेछ । साथै, यस प्रयोजनका लागि अघिल्ला आर्थिक वर्षहरुको बहाल कर द्विपक्षीय सम्झौताको आधारमा गणना गरिनेछ ।

११.२ बनेपा नगरपालिकामा व्यवसाय दर्ता नभएका तर अन्य निकायमा दर्ता भएका र हालसम्म शुन्य कारोबार भएका (सञ्चालनमा नरहेका) व्यवसायीले लगत कट्टा गर्न आएमा एक वर्षको मात्र व्यवसाय कर र सामान्य सिफारिस दस्तुर लिई लगत कट्टा (व्यवसाय बन्द) को सिफारिस दिन सकिनेछ ।

११.३ उपरोक्त सहुलियत प्रदान गरेको समयावधिसम्म व्यवसाय कर भुक्तानी गर्न नआएमा नगरपालिका वा अन्य निकायमा दर्ता भएको वर्षलाई नै आधार मानी विलम्ब शुल्क सहित व्यवसाय कर असुल उपर गरिनेछ ।

<u>६. जडीबुटी, कवाडी र जीवजन्तु करः</u>

(१) बनेपा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडीबुटी, कवाडी र मृत जीवजन्तु जस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसूची-५ बमोजिमको कर असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमका सामग्रीहरू तोकिएको सुख्खा फोहोर संकलन वा बिक्री स्थलबाट अनुसूची-५ बमोजिमको दरमा कर संकलन गरिनेछ ।

७. सवारी साधन कर:

(१) राजस्व बाँडफाँडबाट सवारीसाधन कर बापत बागमती प्रदेश सरकारबाट प्राप्त हुने रकम आम्दानी बाँधिनेछ ।

(२) नगरपालिका क्षेत्रभित्रका रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्साजस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा अनुसूची-६ मा उल्लेख भए बमोजिम सवारी साधन कर लगाउने र असुल गरिनेछ ।

८. विज्ञापन कर:

(१) नगरपालिका क्षेत्रभित्रका सडक, चोक, सार्वजनिक स्थल वा निजी घर जग्गामा हुने विज्ञापन, प्रचार प्रसारका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल, तुल, व्यानर आदिमा अनुसूची-७ मा उल्लेख भएबमोजिम विज्ञापन कर लगाइने र असूल गरिनेछ।

(२) नगरपालिकाको पूर्व स्वीकृति बेगर कसैले पनि उपदफा-१ मा उल्लेख भए बमोजिमका विज्ञापन सामग्री राख्न पाईनेछैन ।

९. बहाल बिटौरी शुल्क:

(१) नगरपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा, पसल, आवास, त्यस्ता जग्गाको उपयोग तथा नगरपालिकाले तोकेको सार्वनजिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल बिटौरी शुल्क लगाई असूल गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल बिटौरी शुल्कको दर अनुसूची-८ मा तोकिए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम बहाल बिटौरी शुल्क तिरेको आधारमा मात्र ऐलानी वा पर्ति वा सार्वजनिक जग्गामा बसोबास गर्ने वा त्यस्तो जग्गाको उपयोग गर्ने व्यक्तिको सो जग्गा माथि स्वामित्व कायम भएको मानिने छैन ।

१०. मनोरञ्जन कर:

(१) बनेपा नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका मनोरञ्जनात्मक व्यवसायहरूबाट बागमती प्रदेश आर्थिक ऐनले तोकेको आधार र दरमा मनोरञ्जन कर असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमका व्यवसायीहरूले मनोरञ्जन कर बुझाउँदा व्यवसाय कर, बहाल कर, सम्पति कर र परिचयपाटी शुल्कसमेत बुझाउनुपर्नेछ ।

(३) पटके वा विशेष पर्व मेलामा सञ्चालन हुने मनोरञ्जनात्मक कार्यक्रमका लागि बनेपा नगरपालिकाबाट तोकिएको पूर्वस्वीकृति लिनुपर्नेछ ।

११. पार्किङ शुल्क:

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङस्थलमा सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएबापत अनुसूची-९ मा उल्लेख भए बमोजिमको दरमा पार्किङ शुल्क लगाइने र असूल गरिनेछ ।

(२) निजी स्वामित्वको जग्गामा पार्किङस्थल व्यवस्थापन गरी सवारी साधनको पार्किङ सुविधा उपलब्ध गराउने व्यक्ति वा संस्थाले कार्यपालिकाबाट तोकिएको दस्तुर बुझाई नगरपालिकाको अनुमती लिनुपर्नेछ ।

१२. पर्यटन शुल्कः

(१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका स्थानहरूमा पर्यटक प्रवेश गर्दा अनुसूची-१० मा उल्लिखित दरमा पर्यटन शुल्क लिइनेछ ।

१३. नक्सापास दस्तुरः

(१) बनेपा नगरपालिकाभित्र भवन निर्माण गर्दा मौजुदा भवन मापदण्ड बमोजिम नगरपालिकाले अनुसूची-११ मा उल्लेखित दरमा नक्सापास दस्तुर असूल उपर गरी नक्सा पास गरिनेछ ।

(२) साविकामा नक्सापास गर्नु नपर्ने बनेपा नगरपालिकामा समायोजन भएका गाविसहरुमा तत्कालिन अवस्थामा बनेका घरहरुको अभिलेखीकरण तथा लाग्ने दस्तुर र विधि सम्बन्धमा कार्यपालिकाले कार्यविधि बनाई वा विशेष निर्णय गरी व्यवस्थित गर्न सक्नेछ।

१४. व्यवसाय रजिष्ट्रेशन तथा ईजाजत दस्तुरः

(१) नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न अनुसूची-१२ बमोजिम व्यवसाय रजिष्ट्रेशन दस्तुर असुल गरी संचालन इजाजत प्रदान गरिनेछ । यस दफा बमोजिम दिईएका इजाजत पत्रहरु नगरपालिकाको व्यवसाय कर भुक्तानी गरेमा स्वतः नवीकरण भएको मानिनेछ।

१५. प्राकृतिक स्रोतसाधनको बिक्रीः

(१) कसैले निजी जमिनमा निर्माणमुखी खनिज पदर्थ उत्खनन तथा बिक्री गर्न चाहेमा नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

(२) नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका नदी तथा खोलाबाट नदीजन्य निर्माणमुखी सामग्री संकलन र बिक्री गर्न सक्नेछ ।

(३) नगरपालिकाले आफनो क्षेत्रबाट बिक्री गर्ने नदीजन्य निर्माणमुखी सामग्रीहरुमा अनुसूची-१३ तथा बागमती प्रदेश ऐन बमोजिमको शुल्क लाग्नेछ ।

१६. सम्पत्ति बहालः (१) नगरपालिकाको स्वामित्वमा वा रेखदेखमा रहेका भवन तथा मेसिनरी साधनहरुको न्यूनतम भाडा दर अनुसूची-१४ मा उल्लेख भए बमोजिमको हुनेछ । प्रतिस्पर्धाको माध्यमबाट बहालमा लगाउँदा न्यूनतम दर भन्दा कम हुनेगरी बहालमा दिइनेछैन ।

१७. सेवा शुल्क र दस्तुरः

(१) नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची-१५ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाई असुल उपर गरिनेछ ।

१८. घरजग्गा रजिष्ट्रेशन शुल्क सम्बन्धी व्यवस्थाः

(१) बनेपा नगरपालिका क्षेत्रभित्रका घर जग्गा रजिष्ट्रेशन शुल्क बागमती प्रदेशको आर्थिक ऐनमा तोकिएको दर बमोजिम उठाइनेछ । त्यसरी संकलन भएको घरजग्गा रजिष्ट्रेशन शुल्क यस नगरपालिका र बागमती प्रदेश सरकारबीच कानून बमोजिम बाँडफाँड हुनेछ।

(२) बागमती प्रदेशको आर्थिक ऐनले गरेको व्यवस्था बमोजिम नगरपालिकाको साधन, स्रोत, प्रविधि, जनशक्ति र कार्यालय व्यवस्थापन नभएसम्मको लागि नेपाल सरकारको तोकिएको कार्यालयले उपदफा(१) बमोजिको दर अनुसारको शुल्क उठाउने व्यवस्था हुनेछ ।

१९. कर रकम छुट सम्बन्धमाः

(१) नगरपालिकाले अनुसूची-१६ मा व्यवस्था भएबमोजिम कर तथा शुल्कमा छुट वा सहुलियतको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि महामारी, प्राकृतिक प्रकोप वा अन्य कुनै काबु बाहिरको परिस्थिति सिर्जना भएका कारण यस कानून बमोजिम बुझाउनु पर्ने कर दस्तुर वा बहाल रकम बुझाउँदा करदातालाई मर्का पर्ने अवस्थामा कार्यपालिकाले निर्णय गरी पुरा वा केही अंश रकम छुट दिन सक्नेछ ।

(४) बनेपा नगरपालिकामा संचालित व्यवसायको हकमा व्यवसाय कर र बहाल कर राजस्व बुझाउनुपर्ने दायित्व भएका व्यक्ति तथा संस्थाले विगतमा तिर्नुपर्ने कर, शुल्क, दस्तुर बक्यौता भए त्यस्तो व्यक्ति वा संस्थाले हालसम्मको बक्यौता राजस्व २०८३ पौष मसान्तभित्र बुझाएमा सोबापत लाग्ने जरिवाना र ब्याज मिनाहा हुनेछ ।

२०. जरिवानाः

(१) नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ वा व्यापार व्यवसाय वा फोहरमैला गर्ने, तोकिएको समयमा कर तथा शुल्क नबुझाउने तथा प्रचलित कानून विपरितका कार्य गर्नेलाई अनुसूची-१७ बमोजिम जरिवाना गरी असूल उपर गरिनेछ । तर, कुनैपनि कर राजस्व असूलीका सन्दर्भमा सम्बन्धित कानूनले गरेको व्यवस्था बमोजिम हुनेछ।

२१. अन्य व्यवस्था:

(१) नगरपालिकाका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट अत्यावश्यक बाहेकका सेवा प्रवाह गर्दा सेवाग्रहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर, तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असूल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ। तर, यसबाट नागरिकताको सिफारिस, व्यक्तिगत घटनादर्ता गर्दा प्रतिबद्धतापत्र लिई सेवाप्रवाह गर्न भने बाधा पुगेको मानिनेछैन ।

२२. विभाज्य कोषसम्बन्धी व्यवस्था:

(१) बनेपा नगरपालिकाले विज्ञापन, दहत्तर बहत्तर शुल्क र मनोरञ्जन कर संकलन गरी प्रदेश सरकारलाई बाँडफाँड गर्नुपर्ने कर रकम विभाज्य कोषमा दाखिला गरी तोकिए बमोजिम बाँडफाँड गरिनेछ ।

२३. समन्वय र सहकार्यमा राजस्व सङ्कलन गर्न सकिने:

(१) बनेपा नगरपालिकाले सङ्घीय तथा प्रदेश सरकारका निकाय, छिमेकी स्थानीय तह र विषयगत तथा वस्तुगत व्यवसायिक संस्थाहरूसँगको समन्वय र सहकार्यमा राजस्व सङ्कलन गर्न सक्नेछ।

२४. नियम र कार्यविधि बनाउन सक्ने:

(१) नगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम र कार्यविधि बनाउन सक्नेछ ।

२५. यसै ऐन बमोजिम भएको मानिने:

(१) यो ऐन जारी हुनुअघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

२६. प्रचलित कानून बमोजिम हुने:

(१) यस ऐनमा उल्लेखित व्यवस्थाका हकमा यसै बमोजिम र उल्लेखित नभएका विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२७. खारेजी:

(१) साविकामा नगरपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची-१

(ऐनको दफा २ को उपदफा (१) र (२) सँग सम्बन्धित)

क. सम्पत्ति करको दर

क.सं.	कर योग्य सम्पत्तिको मूल्य	बार्षिक करको दर (प्रतिशतमा)
१	रु. दश लाख सम्म	एकमुष्ट रु. २००
२	रु.दश लाख भन्दा माथि बीस लाखसम्मको मूल्यांकनमा	०.०२ प्रतिशत
३	रु. बीस लाख एक भन्दा माथि तीस लाखम्मको मूल्यांकनमा	०.०३५ प्रतिशत
४	रु. तीस लाख एक भन्दा माथि चालीस लाखम्मको मूल्यांकनमा	०.०४५ प्रतिशत
५	रु. चालीस लाख एक भन्दा माथि पचास लाखसम्मको मूल्यांकनमा	०.०६० प्रतिशत
६	रु. पचास लाख एक भन्दा माथि पचहत्तर लाखसम्मको मूल्यांकनमा	०.०७५ प्रतिशत
७	रु. पचहत्तर लाख एक भन्दा माथि एक करोडसम्मको मूल्यांकनमा	०.०९० प्रतिशत
८	रु. एक करोड एक भन्दा माथि दुई करोडसम्मको मूल्यांकनमा	०.१०० प्रतिशत
९	रु. दुई करोड एक भन्दा माथि पांच करोडसम्मको मूल्यांकनमा	०.११५ प्रतिशत
१०	रु. पाँच करोड एक भन्दा माथि दश करोडसम्मको मूल्यांकनमा	०.१४० प्रतिशत
११	रु. दश करोड एक भन्दा माथिको मूल्यांकनमा	०.१६० प्रतिशत

ख. संरचना (घर)को मूल्यांकन दर

घरको बनोट	मूल्याङ्कन दर (प्रति व.फि.)	ह्रासकट्टी
आरसिसि फ्रेम स्ट्रक्चर	१८००	बार्षिक १.५ प्रतिशतका दरले ६० बर्ष सम्म
स्टिल फ्रेम स्टक्चर, फ्रविक्चर, फाइबर वा यस्तै संरचना	१२००	बार्षिक २ प्रतिशतका दरले ४५ बर्ष सम्म
सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आरसिसि छाना	८५०	बार्षिक ३ प्रतिशतका दरले ३० बर्ष सम्म

सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता वा टायलको छाना	६५०	वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म
प्रि फ्याव तथा जस्ताले बनेको भित्ता र टिनको छाना	४५०	वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म
जस्ता वा टायलको छाना भएको टहरा	२००	वार्षिक १० प्रतिशतका दरले ९ वर्ष सम्म
कच्ची छाना भएको (कच्चि घर)	एकमुष्ठ रु. ७५ हजार	वार्षिक १.५ प्रतिशतका दरले ६० वर्ष सम्म

नोटः माथि उल्लेखित बाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा बनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।

अनुसूची-२
(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)
सम्पत्तिको मूल्यांकन दर र मालपोत करको दर

भूमिकर(मालपोत) न्यूनतम रु.१००।- हुनेछ ।

२.१ जग्गाको न्यूनतम मूल्यांकन दर र मालपोतको दर

वडा नं.१, टुकुचा नाला क्षेत्र क पुण्यमति पुल देखि अमलडोल भञ्ज्याङ सम्मका जग्गा र नालाफाँट

क्षेत्र	जग्गा रहेको क्षेत्र	प्रतिरोपनी मालपोत दर	जग्गाको प्रतिरोपनी	
			मूल्य	कैफियत
क१	मुख्य सडक सँग जोडिएको जग्गा(करुणामय देखि नगरपालिका सिमाना अमलडोलसम्म)	४००	१८,००,०००।-	
क२	सहायक ग्राभेल सडकसँग जोडिएको जग्गा	३३०	१५,००,०००।-	
क३	ग्राभेल सडकसँग जोडिएको जग्गा	२७०	१२,००,०००।-	
क४	कच्ची सडकसँग जोडिएको जग्गा	२२०	१०,००,०००।-	
क५	मोटर नपुग्ने जग्गाहरु	११०	५,००,०००।-	
वडा नं १, टुकुचानाला क्षेत्र ख (अमलडोल भञ्ज्याङ देखि लामिछाने गाउँ र पश्चिम पाण्डेगाउँ सम्म)				

ख१	मुख्य सडक सँग जोडिएको जग्गा(दुलाल गाउँ जाने बाटो)	२७०	१२,००,०००।-	
ख२	सहायक ग्राभेल सडकसँग जोडिएको जग्गा	२२०	१०,००,०००।-	
ख३	ग्राभेल सडकसँग जोडिएको जग्गा	१६०	७,००,०००।-	
ख४	कच्ची सडकसँग जोडिएको जग्गा	११०	५,००,०००।-	
ख५	मोटर नपुग्ने जग्गाहरु	९०	४,००,०००।-	
वडा नं. १, टुकुचानाला क्षेत्र ख (क्षेत्र क र ख बाहेकका क्षेत्र)				
ग१	मुख्य सडक सँग जोडिएको जग्गा	१३०	६,००,०००।-	
ग२	सहायक पीच सडकसँग जोडिएको जग्गा	११०	५,००,०००।-	
ग३	ग्राभेल सडकसँग जोडिएको जग्गा	९०	४,००,०००।-	
ग४	कच्ची सडकसँग जोडिएको जग्गा	७०	३,००,०००।-	
ग५	मोटर नपुग्ने जग्गाहरु	५०	२,००,०००।-	

वडा नं २, टुकुचा नाला क्षेत्र क करुणामय मन्दिर देखि गिरीगाउँ सम्मका जग्गा र बुलेफाँट

क्षेत्र	जग्गा रहेको क्षेत्र	प्रतिरोपनी मालपोत दर	जग्गाको प्रतिरोपनी	
			मूल्य	कैफियत
वडा नं २, टुकुचा नाला क्षेत्र क (करुणामय मन्दिर देखि गिरी गाउँ सम्म)				
क१	मुख्य सडक सँग जोडिएको जग्गा	२७०	१२,००,०००।-	
क२	सहायक ग्राभेल सडकसँग जोडिएको जग्गा	१८०	८,००,०००।-	
क३	ग्राभेल सडकसँग जोडिएको जग्गा	१३०	६,००,०००।-	
क४	कच्ची सडकसँग जोडिएको जग्गा	११०	५,००,०००।-	
क५	मोटर नपुग्ने जग्गाहरु	९०	४,००,०००।-	
वडा नं २, टुकुचा नाला क्षेत्र ख (गिरीगाउँ देखि घिमिरे गाउँ काभ्राको बोट सम्मका जग्गा)				

ख१	मुख्य सडक सँग जोडिएको जग्गा (घिमिरे गाउँ जाने बाटो)	२२०	१०,००,०००।-	
ख२	ख १ को सहायक मार्ग	१३०	६,००,०००।-	
ख३	ख२ को सहायकबाटो	११०	५,००,०००।-	
ख४	ख ३ को सहायक	९०	४,००,०००।-	
ख५	मोटर नपुग्ने जग्गाहरु	७०	३,००,०००।-	
वडा नं २, टुकुचा नाला क्षेत्र ग क्षेत्र क र ख देखि बाँकी जग्गा				
ग१	ग क्षेत्रको मुख्य सडक	१३०	६,००,०००।-	
ग२	ग१ को सहायक बाटो	११०	५,००,०००।-	
ग३	ग२ को सहायक बाटो	९०	४,००,०००।-	
ग४	ग३ को सहायक बाटो	७०	३,००,०००।-	
ग५	मोटर नपुग्ने जग्गाहरु	५०	२,००,०००।-	

वडा नं ३, नालाको क्षेत्र क गोल्छाचोक देखि चौतारा सम्म

क्षेत्र	जग्गा रहेको क्षेत्र	प्रतिरोपनी मालपोत दर	जग्गाको प्रतिरोपनी	
			मूल्य	कैफियत
क१	मुख्य सडक सँग जोडिएको जग्गा (काशी भञ्याङ जाने सडक) को ठाउ खोला चोक देखि चौतारा सम्म	३५०	१६,००,०००।-	
क२	क१ को सहायक बाटो (कोठाउ खोला चोक देखिठुलो चौर सम्म)	३३०	१५,००,०००।-	
क३	क२ को सहायक मार्ग	२७०	१२,००,०००।-	
क४	क३ को सहायक मार्ग	२००	१०,००,०००।-	
क५	बाटो नभएको जग्गा	१३०	६,००,०००।-	

वडा नं ३, नालाको क्षेत्र ख (चौतारा देखि कक्कि सम्म)				
ख१	मुख्य सडक सँग जोडिएको जग्गा (काशी भञ्याङ जाने सडक क्षेत्र)	३३०	१५,००,०००।-	
ख२	ख१ को सहायक मार्ग	२७०	१२,००,०००।-	
ख३	ख२ को सहायक मार्ग	२००	९,००,०००।-	
ख४	ख३ को सहायक मार्ग	१३०	६,००,०००।-	
ख५	बाटो नभएको जग्गा	९०	४,००,०००।-	
वडा नं ३, नालाको क्षेत्र ग (क्षेत्र क र ख बाहेकका जग्गा)				
ग१	मुख्य सडक सँग जोडिएको जग्गा(तीनघरे जाने सडक)	१८०	८,००,०००।-	
ग२	ग१ को सहायक मार्ग	१३०	६,००,०००।-	
ग३	ग२ को सहायक मार्ग	११०	५,००,०००।-	
ग४	ग३ को सहायक मार्ग	७०	३,००,०००।-	
ग५	बाटो नभएको जग्गा	५०	२,००,०००।-	
साविक देवीटार क्षेत्र (काफलबोट जाने सडक)				
घ१	मुख्य सडक सँग जोडिएको जग्गा (देवीटार जाने सडक)	१३०	६,००,०००।-	
घ२	घ१ को सहायक मार्ग	१००	४,५०,०००।-	
घ३	घ२ को सहायक मार्ग	७०	३,००,०००।-	
घ४	घ३ को सहायक मार्ग	५०	२,००,०००।-	
घ५	बाटो नभएको जग्गा	३०	१,००,०००।-	

वडा नं ४, नालाको क्षेत्र क शहिद गेट देखि चण्डेश्वरी मावि सम्म

क्षेत्र	जग्गा रहेको क्षेत्र	प्रतिरोपनी मालपोत दर	जग्गाको प्रतिरोपनी	
			मूल्य	कैफियत
क१	मुख्य सडक सँग जोडिएको जग्गा(नाला सडक)	४४०	२०,००,०००।-	

क२	क१ को सहायक बाटो	३५०	१६,००,०००।-	
क३	क२ को सहायक मार्ग	२७०	१२,००,०००।-	
क४	क३ को सहायक मार्ग	२२०	१०,००,०००।-	
क५	बाटो नभएको जग्गा	१३०	६,००,०००।-	
वडा नं ४, नालाको क्षेत्र खचण्डेश्वरी मावि देखि सेरा गोल्छाचोक सम्म र सरस्वती दोभान देखि पश्चिम पुलबजार सम्म)				
ख१	मुख्य सडक सँग जोडिएको जग्गा(काशी भञ्ज्याङ जाने सडक)	४००	१८,००,०००।-	
ख२	ख१ को सहायक बाटो	२७०	१२,००,०००।-	
ख३	ख२ को सहायक मार्ग	२२०	१०,००,०००।-	
ख४	ख३ को सहायक मार्ग	१८०	८,००,०००।-	
ख५	बाटो नभएको जग्गा	९०	४,००,०००।-	
वडा नं ४, नालाको क्षेत्र ग को क र ख क्षेत्र बाहेक				
ग१	मुख्य सडक सँग जोडिएको जग्गा	१८०	८,००,०००।-	
ग२	ग१ को सहायक मार्ग	१६०	७,००,०००।-	
ग३	ग२ को सहायक मार्ग	१३०	६,००,०००।-	
ग४	ग३ को सहायक मार्ग	११०	५,००,०००।-	
ग५	बाटो नभएको जग्गा	९०	४,००,०००।-	

बनेपा नगरपालिका वडा नं ५, (साविक रविओपी मात्र)

क्षेत्र	जग्गा रहेको क्षेत्र	प्रतिरोपनी मालपोत दर	जग्गाको प्रतिरोपनी	
			मूल्य	कैफियत
क१	मुख्य सडक सँग जोडिएको जग्गा(चण्डेश्वरी पाँचखाल सडक ओपी भञ्याङ सम्म)	७१०	३२,००,०००।-	
क२	क१ को सहायक बाटो	५३०	२४,००,०००।-	
क३	क२ को सहायक मार्ग	३५०	१६,००,०००।-	

क४	क३ को सहायक मार्ग	२७०	१२,००,०००।-	
क५	बाटो नभएको जग्गा	७०	३,००,०००।-	
	वडा नं ५, साविक रविओपी मात्र)			
ख१	मुख्य सडक सँग जोडिएको जग्गा (पाँचखाल सडक ओपी देखि न.पा. सिमा सम्म)	४४०	२०,००,०००।-	
ख२	ख१ को सहायक बाटो	३३०	१५,००,०००।-	
ख३	ख२ को सहायक मार्ग	१८०	८,००,०००।-	
ख४	ख३ को सहायक मार्ग	११०	५,००,०००।-	
ख५	बाटो नभएको जग्गा	५०	२,००,०००।-	
	वडा नं ५, साविक रविओपी मात्रको क र ख क्षेत्र बाहेक)			
ग१	मुख्य सडक सँग जोडिएको जग्गा	१८०	८,००,०००।-	
ग२	ग१ को सहायक मार्ग	१७०	७,००,०००।-	
ग३	ग२ को सहायक मार्ग	११०	५,००,०००।-	
ग४	ग३ को सहायक मार्ग	७०	३,००,०००।-	
ग५	बाटो नभएको जग्गा	३०	१,००,०००।-	

वडा नं. ५, ६, ७, ८ र ९ (साविकको बनेपा नगरपालिका क्षेत्र)

क्षेत्र	जग्गा रहेको क्षेत्र	प्रतिरोपनी मालपोत दर	जग्गाको प्रतिरोपनी मूल्य	कैफियत
क१	अरनिको राजमार्गसँग जोडिएको जग्गा	१७६०	८०,००,०००।-	
क२	सहायक पीच सडकसँग जोडिएको जग्गा	१४१०	६४,००,०००।-	
क३	ग्राभेल सडकसँग जोडिएको जग्गा	८८०	४०,००,०००।-	
क४	कच्ची सडकसँग जोडिएको जग्गा	६६०	३०,००,०००।-	
क५	मोटर नपुग्ने जग्गाहरु	३५०	१६,००,०००।-	

ख१	अरनिको राजमार्गसँग जोडिएको जग्गा	१३२०	६०,००,०००।-	
ख२	सहायक पीच सडकसँग जोडिएको जग्गा	८८०	४०,००,०००।-	
ख३	ग्राभेल सडकसँग जोडिएको जग्गा	५३०	२४,००,०००।-	
ख४	कच्ची सडकसँग जोडिएको जग्गा	३५०	१६,००,०००।-	
ख५	मोटर नपुग्ने जग्गाहरु	२७०	१२,००,०००।-	
ग१	मुख्य सडक सँग जोडिएको जग्गा	५३०	२४,००,०००।-	
ग२	सहायक पीच सडकसँग जोडिएको जग्गा	३५०	१६,००,०००।-	
ग३	ग्राभेल सडकसँग जोडिएको जग्गा	२७०	१२,००,०००।-	
ग४	कच्ची सडकसँग जोडिएको जग्गा	२२०	१०,००,०००।-	
ग५	मोटर नपुग्ने जग्गाहरु	१८०	८,००,०००।-	
घ१	मुख्य सडक सँग जोडिएको जग्गा	१३०	६,००,०००।-	
घ२	सहायक पीच सडकसँग जोडिएको जग्गा	११०	४,५०,०००।-	
घ३	ग्राभेल सडकसँग जोडिएको जग्गा	११०	४,००,०००।-	
घ४	कच्ची सडकसँग जोडिएको जग्गा	९०	३,७५,०००।-	
घ५	मोटर नपुग्ने जग्गाहरु	७०	३,००,०००।-	

वडा नं १०, जनागाल क्षेत्र

क्षेत्र	जग्गा रहेको क्षेत्र	प्रतिरोपनी मालपोत दर	जग्गाको प्रतिरोपनी	
			मूल्य	कैफियत
वडा नं १०, जनागाल क्षेत्र क (पुलबजार देखि पश्चिम राजमार्ग दायाँबायाँ)				
क१	अरनिको राजमार्ग सँग छोएको जग्गा	११००	५०,००,०००।-	
क२	क१ को सहायक बाटो (रेसम मार्ग, सेतोपाटी माथि राहुत गाउँ भन्दा तल,	८८०	४०,००,०००।-	
क३	क२ को सहायक मार्ग(अरनिको राजमार्गसँग जोडिएका कित्ता जग्गासँग जोडिएका जग्गा)	६६०	३०,००,०००।-	

क४	क३ को सहायक मार्ग (राहुत गाउँ, मानडाँडा, खडका गाउँ, विष्ट गाउँ)	४४०	२०,००,०००।-	
क५	बाटो नभएको जग्गा	२७०	१२,००,०००।-	
वडा नं १०, जनागाल क्षेत्र ख (विष्ट गाउँ मुनी सहायक रोडले छोएको जग्गा)				
ख१	मुख्य सडक सँग जोडिएको जग्गा(	४४०	२०,००,०००।-	
ख२	ख१ को सहायक बाटो	३५०	१६,००,०००।-	
ख३	ख२ को सहायक मार्ग	३१०	१४,००,०००।-	
ख४	ख३ को सहायक मार्ग(थापा गाउँ दलित बस्ती, कागल गाउँ, कागल गाउँ)	२२०	१०,००,०००।-	
ख५	बाटो नभएको जग्गा मयलटार समेत	१३०	६,००,०००।-	

बनेपा नगरपालिका वडा नं ११ क्षेत्र

क्षेत्र	जग्गा रहेको क्षेत्र	प्रतिरोपनी मालपोत दर	जग्गाको प्रतिरोपनी	
			मूल्य	कैफियत
वडा नं ११, सिनागाल, पाकुडोल, धनेश्वरको तल्लो क्षेत्र)				
क१	मुख्य सडक सँग जोडिएको जग्गा	४४०	२०,००,०००।-	
क२	क१ को सहायक बाटो	४००	१८,००,०००।-	
क३	क२ को सहायक मार्ग	३५०	१६,००,०००।-	
क४	क३ को सहायक मार्ग	३३०	१५,००,०००।-	
क५	बाटो नभएको जग्गा	३१०	१४,००,०००।-	
वडा नं ११, सिनागाल, पाकुडोल, धनेश्वरको माथिल्लो क्षेत्र)				
ख१	मुख्य सडक सँग जोडिएको जग्गा	३५०	१६,००,०००।-	
ख२	ख१ को सहायक मार्ग	३१०	१४,००,०००।-	
ख३	ख२ को सहायक मार्ग	१३०	६,००,०००।-	
ख४	ख३ को सहायक मार्ग	९०	४,००,०००।-	

ख५	बाटो नभएको जग्गा	५०	२,००,०००।-	

बनेपा नगरपालिका वडा नं १२

क्षेत्र	जग्गा रहेको क्षेत्र	प्रतिरोपनी मालपोत दर	जग्गाको प्रतिरोपनी	
				कैफियत
वडा नं १२, क्षेत्र क (भैसैपाटी देखि पनौती सडक दायाँबायाँ)				
क१	मुख्य सडकसँग जोडिएको जग्गा	५३०	२४,००,०००।-	
क२	क१ को सहायक बाट(देउराली, कोटडाडा, कुबरगाउँ सम्म	३३०	१५,००,०००।-	
क३	क२ को सहायक बाटो	२२०	१०,००,०००।-	
क४	क३ को सहायक मार्ग	१३०	६,००,०००।-	
क५	बाटो नभएको जग्गा	७०	३,००,०००।-	
वडा नं १२, क्षेत्र ख (कार्की गाउँ जाने बाटो, र इटाचा गाउँ बाटाले छोएका जग्गा)				
ख१	मुख्य सडकसँग जोडिएको जग्गा	२२०	१०,००,०००।-	
ख२	ख१ को सहायक मार्ग	१७५	८,००,०००।-	
ख३	ख२ को सहायक मार्ग	१३०	६,००,०००।-	
ख४	ख३ को सहायक मार्ग	७०	४,००,०००।-	
ख५	बाटो नभएको जग्गा	५०	२,००,०००।-	
वडा नं १२, क्षेत्र क र ख बाहेकका क्षेत्र				
ग१	मुख्य सडक सँग जोडिएको जग्गा	१३०	६,००,०००।-	
ग२	ग१ को सहायक मार्ग	११०	५,००,०००।-	
ग३	ग२ को सहायक मार्ग	७०	३,००,०००।-	
ग४	ग३ को सहायक मार्ग	५०	२,००,०००।-	
ग५	बाटो नभएको जग्गा	३०	१,००,०००।-	

बनेपा नगरपालिका वडा नं १३

क्षेत्र	जग्गा रहेको क्षेत्र		जग्गाको प्रतिरोपनी

		प्रतिरोपनी मालपोत दर	मूल्य	कैफियत
वडा नं १३, अरनिको राजमार्ग दायाँबायाँ				
क१	अरनिको राजमार्गसँग जोडिएको	८८०	४०,००,०००।-	
क२	क१ को सहायक बाटो (अरनिको राजमार्गको उत्तर तर्फको भाग, स्पाइनल इन्जुरी अस्पताल सम्म	६६०	३०,००,०००।-	
क३	क२ को सहायक मार्ग	५५०	२५,००,०००।-	
क४	क३ को सहायक मार्ग	४४०	२०,००,०००।-	
क५	बाटो नभएको जग्गा	३५०	१६,००,०००।-	
वडा नं १३, स्पाइनल इन्जुरी माथि पिकनिक स्पोट सम्म, बुढाथोकी गाउँ सम्म				
ख१	मुख्य सडक सँग जोडिएको जग्गा	३५०	१६,००,०००।-	
ख२	ख१ को सहायक मार्ग	३१०	१४,००,०००।-	
ख३	ख२ को सहायक मार्ग	२७०	१२,००,०००।-	
ख४	ख३ को सहायक मार्ग	१८०	८,००,०००।-	
ख५	बाटो नभएको जग्गा	९०	४,००,०००।-	
वडा नं १३, क क्षेत्र र ख क्षेत्र बाहेकका बाकी जग्गा				
ग१	मुख्य सडक सँग जोडिएको जग्गा	३५०	१६,००,०००।-	
ग२	ग१ को सहायक मार्ग	३१०	१४,००,०००।-	
ग३	ग२ को सहायक मार्ग	३२०	१०,००,०००।-	
ग४	ग३ को सहायक मार्ग	१३०	६,००,०००।-	
ग५	बाटो नभएको जग्गा	५०	२,००,०००।-	

बनेपा नगरपालिका वडा नं १४

क्षेत्र	जग्गा रहेको क्षेत्र	प्रतिरोपनी मालपोत दर	जग्गाको प्रतिरोपनी	
			मूल्य	कैफियत
वडा नं १४, अरनिको राजमार्ग दायाँबायाँ				
क१	अरनिको राजमार्गसँग जोडिएको	८८०	४०,००,०००।-	
क२	क१ को सहायक बाटो (अरनिको उत्तर तर्फको भाग,दक्षिण तर्फ सरस्वती टारसम्म, कार्कीगाउँको चौर सम्म, नासिका खोला सम्मका जग्गा)	६६०	३०,००,०००।-	
क३	क२ को सहायक मार्ग	५५०	२५,००,०००।-	
क४	क३ को सहायक मार्ग	४४०	२०,००,०००।-	
क५	बाटो नभएको जग्गा	३५०	१६,००,०००।-	
वडा नं १४, (खालचोक क्षेत्र)				
ख१	मुख्य सडक सँग जोडिएको जग्गा	३५०	१६,००,०००।-	
ख२	ख१ को सहायक मार्ग	३१०	१४,००,०००।-	
ख३	ख२ को सहायक मार्ग	२६५	१२,००,०००।-	
ख४	ख३ को सहायक मार्ग	१८०	८,००,०००।-	
ख५	बाटो नभएको जग्गा	९०	४,००,०००।-	
वडा नं १४, (कांक्राबारी र आशापुरी क्षेत्र)				
ग१	मुख्य सडक सँग जोडिएको जग्गा	४४०	२०,००,०००।-	
ग२	ग१ को सहायक मार्ग	३५०	१६,००,०००।-	
ग३	ग२ को सहायक मार्ग	२७०	१२,००,०००।-	
ग४	ग३ को सहायक मार्ग	१३०	६,००,०००।-	
ग५	बाटो नभएको जग्गा	५०	२,००,०००।-	
वडा नं १४, क ख र ग क्षेत्र बाहेकका जग्गा				
घ१	मुख्य सडक सँग जोडिएको जग्गा	९०	४,००,०००।-	
घ२	घ१ को सहायक मार्ग	६०	२,५०,०००।-	

घ३	घ२ को सहायक मार्ग	५०	२,००,०००।-	
घ४	घ३ को सहायक मार्ग	४०	१,५०,०००।-	
घ५	बाटो नभएको जग्गा	३०	१,००,०००।-	

अनुसूची-३
(ऐनको दफा ४ को उपदफा १ सँग सम्बन्धित)

घर/जग्गा बहालबाट आयआर्जन गरेमा बहाल रकमको **१० प्रतिशत**

घरको न्यूनतम बहाल रकमः बहाल कर प्रयोजनका लागि निम्न अनुसार न्यूनतम घर तथा जग्गाको बहाल रकम (मासिक) निर्धारण गरी बहाल कर असूली गरिनेछ ।

क.सं.	**क्षेत्र**	**घर**	
		व्यवसायिक प्रयोजन सटर/कोठा प्रति वर्ग फिट रु.	**अन्य प्रयोजन सटर/कोठा**
क	अरनिको राजमार्ग दायाँबायाँ		
अ	साँगा चोक देखि साझा पेट्रोलपम्प रहेको खोल्सीसम्म	२५	७
आ	साझा पेट्रोलपम्प रहेको खोल्सी देखि पूर्व पुण्यमाता पुल पुलबजारसम्म	४२	९
इ	पुण्यमाता पुल पुलबजार देखि तीन दोबाटोसम्म	८५	१५
ई	तीन दोबाटो देखि काँढ खोलासम्म	१७०	२५
उ	काँध खोलादेखी चण्डेश्वरी खोलासम्म	८५	१७
ऊ	चण्डेश्वरी खोलादेखि धुलिखेल नपा सिमानासम्म	६०	१३
ख	**करुणा मार्ग दायाँबायाँ**		
अ	अरनिको राजमार्गमा जोडिएका घर बाहेक तीन दोबाटो देखि तला पुखुसम्म	४२	१३
आ	तला पुखुदेखि त्रिवेणीसम्म (खोलावारी सम्म)	१७	७

इ	त्रिवेणी (खोलापारी) देखि नगरपालिकाको सिमानासम्म(बनेपा १)	१३	५
ग	**धनेश्वर मार्ग दायाँबायाँ**		
अ	अरनिको राजमार्गले छोएको घर बाहेक चारदोबाटो देखि गोदामचोक सम्म	१२५	१३
आ	गोदामचोक देखि धनेश्वर पुलसम्म	४२	९
इ	धनेश्वर पुल देखि नगरपालिका सिमानासम्म	२५	७
घ	**चण्डेश्वरी मार्ग**		
अ	अरनिको राजमार्गले छोएको घर बाहेक चारदोबाटो देखि रेडक्रस पोखरीसम्म	१२५	१७
आ	रेडक्रस पोखरी (पूर्व तर्फ)देखि चण्डेश्वरी बसपार्कसम्म	४२	९
इ	चण्डेश्वरी बसपार्क देखि नगरपालिका सिमानासम्म	९	५
ङ	**भोट मार्ग**		
ऋ	रेडक्रस पोखरी देखि भिमसेन मार्ग हुँदै बुडोल उकालोसम्म	२५	९
आ	रेडक्रस पोखरी देखि तलापुखुसम्म (करुणामार्गमा पर्ने घर बाहेक)	२५	९
इ	तलापुखु देखि (करुणामार्गमा पर्ने घर बाहेक): पुलबजारसम्म (अरनिको राजमार्गले छोएका घर बाहेक)	२५	९
च	**बनेपा नगरपालिका वडा नं ५, ७ र ८ का भित्री सडकहरुमा**	**१७**	**९**
छ	**बनेपा नगरपालिका वडा नं ४, नाला बजारका भित्री सडकहरुमा**	**१३**	**५**
ज	**बनेपा नगरपालिका वडा नं ६,७,८,र ९ का बाँकी क्षेत्रहरु**	**१३**	**५**
झ	**माथि उल्लेख भए बाहेकका बाँकी क्षेत्रहरु**	**७**	**५**

नोटः

१. घर बहाल बाहेकका टहरा, गोदाम, ग्यारेज वा जग्गा बहालको हकमा बहाल लिनेदिनेका बीचमा भएको सम्झौतामा उल्लेख भए बमोजिमको दरलाई आधार मानिने छ ।

२. वैदेशिक अध्ययन प्रयोजनका हकमा बहाल सम्झौता गरी प्राप्त गरेको रकम कम्तीमा ३ महिनाको बहाल सम्झौता भएको हुनुपर्ने र कम्तिमा तीन महिनाको बहाल कर बुझाइ सो पछि लगत कट्टा गर्न पर्नेछ।

३. बहालमा लागेको सम्पत्तिको सम्बन्धमा कार्यालयबाट उपलब्ध गराएको फाराम अनुसार सत्यतथ्य विवरण पेश गर्नुपर्नेछ । झुटो विवरण पेश गरी कर दाखिला गरेमा यस ऐन बमोजिम जरिवाना लगाईनेछ।

४. बहाल कर मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा दाखिला गर्न सकिनेछ ।

५. माथि उल्लेखित घरबहालको न्यूनतम दर ग्राउण्ड फ्लोरको लागि हुनेछ ।

अनुसूची-४

(ऐनको दफा ५ को उपदफा १ सँग सम्बन्धित)

व्यवसाय करको दर

नगरपालिका क्षेत्रभित्र कुनै पनि किसिमको व्यापार तथा व्यवसाय गर्नेले नगरपालिकाबाट व्यवसाय इजाजत पत्र लिई वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ । व्यवसाय दर्ता तथा नवीकरण गर्दा लाग्ने व्यवसाय करको दर देहाय बमोजिम रहेको छः

क. व्यापारिक वस्तु तथा व्यवसाय					
क्र.सं.	व्यवसायको विवरण	पुँजीको आधारमा वार्षिक कर			
		रु. ५ लाख सम्म	रु.५ लाखभन्दा माथि १० लाखसम्म	रु. १० लाखभन्दा माथि एक करोडसम्म	रु. एक करोड भन्दा माथि
१	चुरोट तथा सूर्ति जन्य पदार्थ	२२००	३५००	५०००	
२	रक्सी (मदिरातथा अन्य पेय पदार्थ)	२५००	५०००	७०००	
	हलुका पेय पदार्थ	२५००	५०००	७०००	
३	थोक व्यवसाय (किराना)	२०००	३५००	७०००	
	खुद्रा व्यवसाय (किराना)	१०००	२५००	५०००	
	खाद्यान्न विक्रेता (खुद्रा)	१५००	३०००	४०००	
	खाद्यान्न विक्रेता (थोक)	२०००	४०००	६०००	

	दालमोठ/चिप्स लगायत (खुद्रा)	२०००	२५००	३०००	
४	ईलेक्ट्रोनिक सामान खरिद बिक्री व्यवसाय	१२००	३५००	६५००	
५	फर्निसिङ/फर्निचर पसल	१२००	३५००	६५००	
६	कपडा पसल फेन्सी स्टोर	१२००	३०००	५०००	
	ब्याग/बेल्ट/पर्स आदि	१२००	३०००	५०००	
७	सामान ढुवानी तथा कम्पनी ट्रान्सपोर्ट सर्भिस	१५००	५०००	७०००	
८	कार्गो सेवा	१५००	५०००	७५००	
९	फोटो स्टुडियो, भिडियो क्यासेट रेकर्डर तथा प्लेयर	१२००	३५००	५०००	
१०	कलर ल्याब	२५००	५०००	७०००	
११	मसाज पार्लर	१२००	३५००	५०००	
१२	ब्युटिपार्लर/जेन्सपार्लर/युनिसेक्स पार्लर	१२००	२०००	३५००	
१३	श्रीङ्गार/कस्मेटिक पसल	१२००	३५००	६५००	
१४	ड्राई क्लिनर्स	१२००	२०००	४५००	
१५	माछा/मासु बिक्रेता	१२००	३०००	५०००	
१६	फलफुल तथा तरकारी बिक्रेता	१०००	१५००	२५००	
१७	डेरी पसल	१२००	२०००	४५००	
१८	सिसा पसल	१२००	२०००	४५००	
१९	प्लाईउड पसल	१२००	२०००	४५००	१००००
२०	नकर्मी पसल	१०००	१५००	२०००	
२१	जुत्ता चप्पल खुद्रा पसल	१२००	२०००	४५००	
२२	कुटानी पिसानी	१०००	२०००	३०००	
२३	ग्यास डिपो	३०००	४०००	५०००	
२४	सेरामिक्स पसल	२०००	३०००	४०००	

२५	ह्याण्डिक्राफ्ट/हस्तकला/पेन्टिङ कार्य	१२००			
२६	थान्का	१५००			
२७	सङ्गीतसम्बन्धी सेवा प्रदान गर्ने व्यवसाय	५०००			
२८	सोलार बत्ती मेसिनरी औजार	५०००	७०००	९०००	
२९	रंगरोगन पसल	३०००	५०००	७०००	
३०	बालपेपरसँग सम्बन्धित व्यवसाय	१५००	२५००	३५००	
३१	बिजुलीको तार, बिजुलीका सामान बिक्री गर्ने पसल	१५००	२५००	३५००	
३२	मोबाईल मर्मत तथा बिक्री केन्द्र	१५००	३५००	५०००	
३३	ईट्टा,बालुवा,रोडा जस्ता निर्माण सामाग्री सप्लायर्स/डिपो	७५००	१००००	१५०००	
३४	यातायात व्यवसायी	२०००	४०००	६०००	
३५	अटो तथा स्पेयर पार्टस् सप्लायर्स	५०००	७०००	१००००	
३६	स्टेशनरी	१२००	२५००	५०००	
३७	भाँडा पसल/किचेन सामाग्री पसल	१२००	३०००	६५००	
३८	प्लाष्टिकका भाँडा पसल	१०००	२५००	५०००	
३९	मिनिमार्ट/ग्रोसरी	५०००	७५००	१००००	
४०	एक्वारियम पसल	१५००	२०००	२५००	
४१	धागोटाँक/फलामकोकैंची/साँचो पसल	१०००			
४२	झ्यालढोकाको सामान	१५००	२५००	५०००	
४३	काठ तथा स्टिल फर्निचर दुबै	३०००	५०००	८०००	
४४	बाईक/मोटर पार्टस पसल	३०००	५०००	८०००	
४५	लेथमेसिन	२०००	३०००	४०००	
४६	केनल क्लब, Animal Breeding Center, पेट सप, तीनीहरुको आहार बिक्री पसल	२०००	२५००	३०००	

४७	खेलौना, उपहार बिक्रेता (गिफ्टसप)	१५००	३०००	५०००	
४८	घडी मर्मत तथा बिक्री पसल	१२००	२०००	३०००	
४९	अर्गानिक वस्तु बिक्री केन्द्र	१२००	२०००	३०००	
५०	चस्मा पसल	१२००	२०००	३०००	
५१	पुजा सामाग्री पसल	१०००	२०००	३०००	
५२	कम्प्युटर, मोबाईल, घडी, फ्रिज, फोटोकपी, वासिङ मेसिन जस्ता इलेक्ट्रोनिकल सामान बिक्री पसल	२०००	५०००	७०००	१००००
५३	स्यानिटरी सामान, बाथरुम फिटिङ, पाइप फिटिङ, टायल र मार्बल थोक बिक्री	१५००	३५००	५०००	
५४	लुगा सिउने मेसिन बिक्री गर्ने पसल	२०००	५०००	१००००	
५५	सिलाई पसल (सर्टिङ्ग, सुटिङ्ग, टेलरिङ्ग)	१०००	३०००	५०००	
५६	सियो, धागो, टाँक, ईम्ब्रोडरीका सामान	१०००	२०००	३०००	
५७	सुन, चाँदी गहना बनाउने पसल (ज्यासल)	३०००			
५८	फुलमाला सजावट पसल/इभेन्ट म्यानेजमेन्ट	१५००			
५९	टेकिङ सामान पसल बार्षिक	३०००			
६०	कम्प्लेक्स तथा बिजनेस मार्ट	५००००			
६१	माटोको भाँडा, सेरामिक्स बेच्ने पसल	१५००			
६२	मुर्ती बनाउने/बेच्ने पसल	१५००			
६३	पेट्रोलियम पदार्थ स्टोर वा डिपो (मट्टितेल मात्र)	१२००			
	पेट्रोलियम पदार्थ स्टोर वा डिपो (डिजल मात्र)	६०००			
	पेट्रोलियम पदार्थ स्टोर वा डिपो (मट्टितेल, डिजल, पेट्रोल)	१२०००			

६४	पान पसल	१०००
	चटपट/पानीपुरी पसल वा सोही प्रकारको अन्य पसल	२०००
६५	मसला प्याकिङ्ग	१५००
६६	पशु/पन्छी खरिद बिक्री	१००००
६७	मोटरसाइकल रिकन्डीसन हाउस	७०००
	हेलमेट/पञ्जा पसल	२०००
	सवारी साधन एसोसरिज पसल	३०००

क.सं.	व्यवसायको विवरण	पुँजीको आधारमा वार्षिक कर (रु.)		
		रु. ५० लाख सम्म	रु. ५० लाख भन्दा माथि देखि एककरोड सम्म	रु. १ करोड भन्दा माथि
६८	सुनचाँदी तथा गहना खरिद तथा बिक्री पसल	५५००	१००००	
६९	आयात/निर्यात	१००००	२००००	
७०	गलैंचा उद्योग	५०००	१००००	
७१	सवारी साधन (हेभि ईक्विपमेन्ट) बिक्रेता	१०,०००	२०,०००	५०,०००
७२	सवारी साधन (अन्य चार पांग्रे) बिक्रेता	५५००	१०,०००	२०,०००
७३	सवारी साधन (तिन पांग्रे, मोटर साईकल, स्कुटर) बिक्रेता	३५००	७५००	१००००
७४	सवारी साधन (साईकल) बिक्रेता	२०००	५०००	
७५	हार्डवेयर/निर्माण सामाग्री व्यवसाय	१०,०००	२०,०००	
	फल्स सिलिङ/कार्नेस लगायत	२०००	३०००	
७६	डिपार्टमेन्ट स्टोर	१००००	२००००	
७७	मार्वल पसल	५०००	७०००	

७८	कम्प्युटर, मोबाईल, घडी, फ्रिज, फोटोकपी, वासिङ मेसिन जस्ता इलेक्ट्रोनिकल सामान बिक्री पसल (ब्राण्डेड सोरुम मात्र)	१५,०००	२०,०००	
७९	स्यानिटरी सामान, बाथरुम फिटिङ, पाइप फिटिङ, टायल र मार्बल थोक बिक्री	१५००	३५००	५०००
८०	**टायर पसल**			
	साईकल	१०००		
	कार, जिप, मोटरसाइकल	२०००		
	बस, ट्रक, मिनीबस	५०००		

क्र.सं.	अन्य वर्गीकृत नभएका व्यवसायको विवरण	पूँजीको आधारमा वार्षिक कर (रु.)
१	क) ५ लाख सम्मको	१५००
२	ख) ५ लाख एकदेखि २५ लाखसम्मको	४०००
३	ग) २५ लाख देखि १ करोडसम्मको	७५००
४	घ) १ करोड भन्दा माथि	१००००
५	ङ) ५ करोड भन्दा माथि	२००००

ख. उत्पादनमुलक उद्योग				
क्र.सं.	**व्यवसायको विवरण**	**पुँजीको आधारमा वार्षिक कर (रु.)**		
		रु. ५ लाख सम्म	**रु. ५ लाख भन्दा माथि १० लाख सम्म**	**रु. १० लाख भन्दा माथि**
८१	सेवा उद्योग (छापाखाना)	२५००	३५००	७०००
	अवार्ड/मेडल/शिल्ड मेकर	२५००	३५००	७०००
८२	उर्जामुलक उद्योग	२५००	५०००	७५००
८३	कृषि तथा वनजन्य उद्योग	१०००	२०००	३०००

८४	घरेलु उद्योग तथा कलकारखाना	१५००	३०००	५०००
८५	खनिज उद्योग	३०००	५०००	७५००
८६	जुत्ता चप्पल उद्योग	३०००	५०००	७०००
८७	बेकरी उद्योग	२०००	३०००	५०००
८८	ह्याचरी तथा पोल्ट्री उद्योग/दाना उद्योग	२०००	५०००	७५००
८९	कागज उद्योग	३०००	५०००	७०००
९०	प्लाष्टिक उद्योग	५०००	७०००	१००००
९१	कवाडी उद्योग/पसल (धातु बाहेक)	५०००	७०००	१००००
	कवाडी उद्योग/पसल (धातु सहित)	७५००	१००००	१५०००
९२	पानी प्रशोधन तथा मिनिरल बाटर उद्योग	३०००	५०००	७०००
९३	पस्मिना उद्योग	७०००	१००००	१२०००
	प्याड उद्योग	१५००	२५००	४०००
९४	झ्याल ढोका कार्भिड उद्योग	३०००	५०००	७०००
९५	वेल्डिड/ग्रिल उद्योग	३०००	५०००	७०००
९६	ट्रस, आल्मुनियम, फ्रेम बनाउने उद्योग/ तार जाली उद्योग	३०००	५०००	७०००
९७	डेरीजन्य पदार्थ तथा बिस्कुट/चकलेट/ दालमोठ उद्योग	३५००	७५००	१००००
९८	स्टिल उद्योग	५०००	७०००	१००००
९९	पाउँ उद्योग	१०००	१५००	२०००
१००	काठ गोदाम/काठ चिरान/फर्निचर उद्योग	५०००	७०००	१००००
१०१	प्लाईउड उद्योग	५०००	७०००	१००००
१०२	ह्युम पाइप/रिड/ब्लक उद्योग	२०००	५०००	१००००

क्र.सं.	व्यवसायको विवरण	वार्षिक कर (रु.)
१०३	नेपाली कागज तथा हाते कागज उद्योग	२०००

१०४	नेपाली जडीबुटी उद्योग	२०००
१०५	बेतबाँस फर्निचर उद्योग	२०००
१०६	डिस्टिलरी उद्योग	५००००
१०७	जमिन मुनिको पानी सम्बन्धी उद्योग	१००००
१०८	सिरक डस्ना उद्योग	३०००
१०९	ढुङ्गा कटिङ्ग उद्योग	१००००
११०	इट्टा भट्टा/उद्योग	५०००००
१११	औषधी उद्योग	१०००००
११२	पोलिथिन पाईप उद्योग	५००००
११३	ग्याँस उद्योग	१०००००
११४	हर्बल उद्योग	३००००
११५	वाईन उद्योग	५००००
११६	सिसा उद्योग	५००००
११७	सोडा उद्योग	२००००
११८	बोधिचित्त मालासँग सम्बन्धित व्यवसाय/उद्योग	१००००
११९	केमिकल प्याकिङ उद्योग	१००००

क.सं.	उद्योग/व्यवसाय को विवरण	५ लाख सम्म	५-१० लाख सम्म	१० लाख भन्दा माथि	१ करोड भन्दा माथि	५ करोड भन्दा माथि	२५ करोड भन्दा माथि
१	कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको सामान प्रयोग वा प्रशोधन गरी उत्पादन गर्ने उद्योग व्यवसायमा	१२००	१५००	५०००	१०,०००	२००००	५००००

ग. मर्मत तथा सेवा व्यवसाय				
क्र.सं.	व्यवसायको विवरण	पुँजीको आधारमा वार्षिक कर (रु.)		
		रु. ५ लाख सम्म	रु. ५ लाखभन्दा माथि १० लाख सम्म	रु. १० लाख भन्दा माथि
१२०	टेलिफोन, फ्याक्स, फोटोकपी, मोबाईल फोन सेवा, आईएसटिडि, एसटिडि, ईन्टरनेट मर्मत, कम्प्युटर, रेफ्रिजेरेटर, टाईपिङ्ग सेवा, ग्यासचुलो/प्रेसरकुकर/बाटर पम्प, साईकल तथा टेलिभिजन मर्मत लगायत अन्य सम्पूर्ण इलेक्ट्रोनिक्स र इलेक्ट्रिक सामग्रीहरु मर्मत	१५००	२५००	५०००
१२१	मोटरसाईकल वर्कशप/सर्भिसिङ	३५००	५०००	८०००
१२२	कार, जिप, ट्रयाक्स वर्कशप/ सर्भिसिङ सेन्टर	६०००	८०००	१००००
१२३	हेभि ईक्विपमेन्ट, ट्रक, बस वर्कशप/सर्भिसिङ्ग सेन्टर	१२०००	१५०००	२००००
१२४	बडी बिल्डर्स (सवारी साधनको)	१००००	१३०००	१८०००
१२५	कार तथा मोटरसाईकल ट्रायल सेन्टर	५०००	७५००	१००००
	सवारी सधान भाडामा दिने व्यवसाय	२०००	३०००	५०००
	पार्किङ व्यवसाय (२५ वटा सम्म ठूला सवारी पार्किङ क्षमता भएको)	७०००		
	पार्किङ व्यवसाय (२५ वटा भन्दा बढी ठूला सवारी पार्किङ क्षमता भएको)	१००००		
१२६	विद्युतीय सवारी साधनको चार्जिङ स्टेशन	प्रति मेसिन २५००		

घ. मनोरञ्जन तथा सूचना प्रवाह व्यवसाय				
		पुँजीको आधारमा वार्षिक कर (रु.)		
		रु. ५ लाख सम्म	रु. ५ लाखभन्दा	रु. १० लाख भन्दा माथि

क्र.सं.	व्यवसायको विवरण		माथि १० लाखसम्म	
